**भूमि तथा कृषि अधिकार अभियान**
**मासिक अपडेट**
**जुन, २०१८ (१५ जेठ-१५ असार २०७५)**

CSIC आत्मनिर्भर केन्द्र

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, जिल्ला भूमि अधिकार मञ्च र राष्ट्रिय भूमि अधिकार मञ्चले जुन, २०१८ (१५ जेठ-१५ असार, २०७५) महिनामा गरेको गतिविधिहरुको संक्षिप्त अपडेट यस प्रतिवेदनमा समावेश गरिएको छ )

## संयुक्त पुर्जा बनाउने थपिए :

यस महिनामा महोत्तरीमा ३१, सर्लाहीमा १२ दाङ्गमा ४, बाँकेमा १२, बर्दियामा ४, रसुवामा २४, धादिङ्गमा १९, नुवाकोटमा १५, रौतहटमा १०, रामेछापमा ८ र ललितपुरमा १ गरि जम्मा **१४० जोडी**ले संयुक्त लाल पुर्जा निर्माण भयो । **१०.४३ हेक्टर** जमिनमा महिलाको स्वामित्व कायम भएको छ ।

रसुवामा जग्गा खरिद पश्चात संयुक्त पुर्जाका साथ सामुहिक तस्बीर खिचाउँदै, विस्थापित परिवार

## गुठी लालपुर्जा वितरण :

सिन्धुपाल्चोक जिल्लाको ईन्द्रावती गाउँपालिका वडा नं २ का १८ परिवारले छहरे घ्याङ्ग गुठीको मोही पुर्जा प्राप्त गरेका छन् । ईन्द्रवति गाउँपलिकामा नै एक कार्यक्रमको आयोजना गरी पुर्जा बितरण गरिएको थियो । उक्त कार्यक्रममा इन्द्रावती गाउँपालिका उपाध्यक्ष मिरा अधिकारी लामा, वडा अध्यक्ष श्री लामा, अतिथिहरूमा प्राकृतिक स्रोत द्धन्द्ध रूपान्तरण केन्द्रका पूर्व जिल्ला उपाध्यक्ष क्षेत्र तामाङ, छहरे घ्याङ गुठीका प्रमुख ओम्पु लामा, जिल्ला मञ्चका पूर्व अध्यक्ष नवराज गुरागाईं, जिल्ला अध्यक्ष पातली थामी, उपाध्यक्ष अर्जुन खड्का र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक जगत देउजाको सहभागिता थियो । भूकम्पबाट प्रभावित व्यक्तिको नाउँमा जग्गा दर्ता कार्याविधि अनुसार गुठी पीडित किसानले मालपोत कार्यालयमा निवेदन पेश गरेका थिए । ती मध्ये १८ परिवारको पूर्जा निर्माण प्रक्रियामा जिल्ला भूमि अधिकार मञ्चले सहयोग गरेको थियो । अझै ८ परिवारको पुर्जा निर्माण बाँकी छ । समयमा नै गुठीको पुर्जा निर्माणका लागी निवेदन पेश नगर्नाले ८ परिवार छुटेका हुन् । जग्गा दर्ता प्रक्रिया अगाडि बढाउन मञ्चले सहयोग गर्दै आएको छ ।

गुठीपुर्जा पाएपछि सिन्धुपाल्चोक, सिम्पालकाभ्रेका किसानहरु

गुठि पुर्जा पाए पछि सोमलाल तामाङ्ग भन्छन् ***"स्थानिय चुनाव पछि बत्तिको लाईन विस्तार भयो । लालपुर्जा नभएकालाई १० हजार दस्तुर मागियो । घर निर्माण नै हम्मे हम्मे भएको बेला यो पैसा कहाँबाट ल्याउने हामीलाई समस्या भयो । मञ्चको सहयोग मालपोतमा निवेदन बुझायौँ । मालपोतले लालपुर्जा आउने हुनाले विद्युत जडानका लागि पत्र काट्यो । मञ्चको सहयोगले पुर्जा मात्र नभई विद्युतको अधिकार पनि पायौँ । साँचो अर्थमा नागरिक त लालपुर्जा पाए पछि भईंदो रैछ ।"***

## मोही किसान द्धारा हक प्राप्ती :

यस महिना सर्लाही जिल्लाका **१३ जना** मोही किसानले मोही बाँडफाँड बापत **२.६५ हेक्टर** जमिन प्राप्त भयो ।

## विस्थापित पुर्नस्थापनाका लागि जग्गा दर्ता :

यस महिना विस्थापित पुनर्स्थापना अर्न्तगत ७ (रसुवा, नुवाकोट, गोर्खा धादिङ्ग, ललितपुर, रामेछाप, ओखलढुङ्गा) जिल्लाका विस्थापित तथा जोखिमयुक्त क्षेत्रका **२२९** परिवारको सुरक्षित स्थानमा जग्गा खरिद गरी रजिष्ट्रेशन गरिएको छ । नयाँ घर बनाउनको लागि २२९ परिवारले **६.४२९५ हेक्टर** क्षेत्रफल जग्गा खरिद गरेका हुन् । यी मध्ये **१६०** परिवारको संयुक्त (श्रीमान्-श्रीमती) नाममा जग्गा रजिष्ट्रेसन पास भएको छ । जग्गा खोजी, निवेदन तथा सिफारिस पत्रहरू तयारी र जग्गा दर्ता गराउनको लागि जिल्ला, स्थानीय तहमा समन्वय तथा सहजीकरणमा आत्मनिर्भर केन्द्रको टिमले सहयोग गरेको थियो ।

जग्गा दर्ता प्रक्रियामा सहजीकरण गर्दै सामुदायिक आतमनिर्भर सेवा केन्द्रका कर्मचारी, रसुवा

## नयाँ गाउँमञ्च थपिए :

यस महिना दाङ्ग जिल्लामा ३ नयाँ गाउँ मञ्च थपिएका छन् । थपिएका नयाँ गाउँमञ्चमा २९ जना सदस्यहरू सङ्गठीत भएका छन् ।

## जनमूखि भूमि शासनको प्रर्वद्धन

हिमालयन ईनिसिएटिभ फर पोलिसी स्टडिज र सामुदायिक आत्मनिर्भर केन्द्रको आयोजनामा भूमि सुधार सम्बन्धी अन्तर्राष्ट्रिय अनुभब आदान प्रदान असार १ गते काठमाण्डौंमा कार्यशाला गोष्ठी सम्पन्न भयो । नेपालमा भूमि सम्बन्धि नीति र ऐन बनिरहेको सन्दर्भमा अन्तरीष्ट्रिय अनुभव र सिकाइहरु उपयोगी हुने उद्धेश्यले यस कार्यशालाको आयोजना गरिएको हो । कार्यशालामा जगत बस्नेतले चाईना, भियतनाम, पश्चिम बङ्गाल, करेला, दक्षिण अफ्रिका, ताईवान, दक्षिण कोरिया, जापान, सिंगापुरमा भएका , भूमि सुधार सम्बन्धि अभ्यासहरु प्रस्तुती गर्नु भएको थियो । सहभागिहरुले नेपालको हिमाल, पहाड र तराईको भौगोलिक विशेषता अनुसार मौलिकतामा आधारित भूमि सम्बन्धि नीति बन्नु पर्ने कुरामा जोड दिएका थिए । हदबन्दी भन्दा बढी भएका, रेकर्डमा नआएका, ऐलानी, पर्ति जग्गाहरु, सरकारी,सार्वजनिक जग्गाहरुको पहिचान गर्ने कुरा, भूमिहिनलाई एकपटक जग्गा दिई समस्याको विकल्प खोज्नुपर्ने कुरा छलफलमा आएको थियो । कृषि, भूमि व्यबस्था तथा सहकारी मन्त्री चक्रपाणि खनालले नेपालको परिवेश सुहाउँदो भूमि सुधारका लागि प्रतिबद्ध रहेको र भूमिसँग सम्बन्धि समस्याहरुको समाधानलाई प्राथामिकीकरण गरेर अगाडि बढ्ने योजना रहेको कुरा राख्नु भयो । आागामी १ बर्षभित्र गुठी समस्या समाधान गर्नुपर्ने कुरामा जोड दिनुभयो । कार्यशालामा कृषि, भूमि व्यस्था तथा सहकारी मन्त्री, मन्त्रालयका उच्च पदस्थ कर्मचारी र गैर सरकारी संस्थाका प्रतिनिधिहरुको सहभागिता थियो ।

भूमि सुधार सम्बन्धी अन्तर्राष्ट्रिय अनुभबहरुको प्रस्तुत गर्दै आत्मनिर्भर केन्द्रका वकालत, अभियान, अनुसन्धन तथा नीति विश्लेषक जगत बस्नेत ।

## सहभागीमूलक समीक्षा तथा मनन् प्रक्रिया :

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र र राष्ट्रिय भूमि अधिकार मञ्चको आयोजनामा २०७५ असार ७ र ८ गते अर्धवार्षिक सहभागीमुलक समीक्षा तथा मनन् प्रक्रिया चितवनको ठिमुरामा सम्पन्न भयो । समीक्षा भूमि तथा कृषि अधिकार अभियानका सन्दर्भमा चिन्तन मनन् गर्ने नियमित र प्रभावकारी अभ्यास हो । यस्तो समीक्षा जिल्लास्तरमा त्रैमासिक र राष्ट्रियस्तरमा अर्धबार्षिक रुपमा गरिन्छ । मूलतः समीक्षामा उक्त अवधिको अभियानउपलब्धी प्रस्तुती, अगूवाको अनुभूती, सिकाई आदान-प्रदान र योजना तर्जुमा गरिन्छ । समीक्षामा २० जना महिला सहित कुल ६१ जनाको सहभागिता थियो । समीक्षामा भईरहेका कामको आलोचनात्मक समीक्षाको साथै आगामी दिनमा भूमि सम्बन्धी व्यवस्थित र गुणात्मक अभियान सञ्चालन गर्ने सहमती भएको छ ।

अर्धवार्षिक समिक्षाका सहभागीहरु सामुहिक कार्यगर्दै

### रिफलेक्ट केन्द्र सहजीकरण तालिम :

समुदाय तहमा कार्यरत सामाजिक परिचालक र सहजकर्ताहरुका लागि २७ देखि ३० जुन, २०१८ मा रिफलेक्ट सर्कल तालिम सम्पन्न भयो । तालिममा १४ महिला सहित २० जनाको सहभागिता थियो । तालिममा सहभागीहरुलाई हरवा चरवा समुदायको समस्या र सवाल पहिचान, लगायत सहभागीमूलक बिधि, रिफ्लेक्ट सर्कल सहजीकरणका चरणहरुको बारेमा छलफल तथा अभ्यास गरिएको थियो । तालिमको सहजीकरण आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजा तथा अभियान व्यवस्थापक कल्पना कार्कीले गर्नुभएको थियो ।

सहभागीतामुलक विधि तथा औजारका विषयमा सहजीकरण गर्दै आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक जगत देउजा

**वकालतीय ज्ञान, सीप अभिवृद्धि तालिम :**

सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले फ्रिडम फण्डसँगको सहकार्यमा धनुषा, सिरहा र सप्तरी जिल्लामा कार्यरत साझेदार संस्थाहरुको वकालतीय क्षमता विकासका लागि प्राविधिक सहयोग गरिरहेको छ । तीन वटै जिल्लाका ११ वटा साझेदार संस्थाहरुको १५ देखि २१ मे महिनाको २०१८ मा वकालतीय क्षमता बिश्लेषण गरिएको थियो । यस बिश्लेषणले देखाएको नतिजाका आधारमा ती साझेदार संस्थाका प्रतिनिधिहरुको वकालतीय ज्ञान सीप अभिवृद्धि तालिमको आयोजना गरिएको थियो । तालिममा तीन जिल्लाको १० साझेदार संस्थाको ५ महिला सहित २० जनाको सहभागिता थियो ।

वकालत तालिमको सहजीकरण गर्दै आत्मनिर्भर केन्द्रकी अभियान व्यबस्थापक कल्पना कार्की

तालिमले हरवाचरवा समुदायका सवाल, सवालभित्रका स-साना उपसवाल पहिचान, यी सवाल सम्बोधनको लागि सहभागिमूलक बिधि तथा औजार, वकालत र यसका बिधि, चरण र रणनीति सम्बन्धि ज्ञान र सीप वृद्धिमा मद्धत गरेको छ ।

**अनुसुची :**

***घटना अध्ययन***

## ४० वर्ष पछि गुठी जग्गाको पुर्जा

सोमलाल तामाङ, ४१ इन्दावती गाउँपालिका सिम्पालकाभ्रेका बसिन्दा हुन् । सानै देखि अपाङ्गता भएकाले अरुले जस्तै काम गर्न उनलाई मुश्किल थियो । जग्गा जमिन आफ्नो नाउँमा थिएन । छहरेघ्याङ गुठीको साहुले जे भन्यो त्यो मानेन भने जग्गा कमाउन नपाउने अवस्था थियो । उनी लगायत यस गाउँमा ३२ घर परिवारले छहरेघ्याङ गुठीको जग्गा कमाउँदै आएका थिए । सबैले घ्याङको पुजामा काम सित्तैमा गर्नु पर्थ्यो । काम गरेबापतको फल केही पाउँदैनथे ।

भूमि अधिकारबाट वञ्चित यस समुदायको समस्या धेरै ठाउँमा जाहेरी भयो तर सुनुवाई भने सधैँ गुठीकै पक्षमा हुन्थ्यो । तामाङ भन्छन् ***"२०६३ सालमा भूमि अधिकार मञ्चको बारेमा जानकारी पाएँ । चौतारा को टुडिखेलमा ७ दिनसम्म आन्दोलनमा बसे । अपाङ्गताले मलाई रोकेन । सरकार पक्षसँग सम्झौता भयो । तर पुर्जा पाएका थिएनौँ । मञ्चले आयोजना गरेको आन्दोलन र कार्यक्रममा सहभागी हुदै गएँ । गाउँलेहरु त्यो हिड्ने मात्र हो, केहि गर्न सक्दैन भन्थे । भूमि अधिकार मञ्चको सहयोगमा १८ परिवारको निवेदन पेश गरियो । ८ घरले हाम्रो कुरा पत्याएनन् । तिरो प्रति रोपनी २६८५ तोकियो । पाखो जग्गा ८०/८५ रोपनी थियो । यसरी २ लाख २८ हजार २ सय पच्चिस तिरो लाग्नेमा मञ्चको पहलमा गुठी संस्थानमा छलफल गरी ६९२ रोपनी जग्गाको तिरो माफी भयो । यसरी १८ परिवारका लालपुर्जा पाएका हौँ ।"***

अहिले ४० बर्षपछि सोमलाल तामाङ्ग र उनी सँगै १८ घर परिवारले ६९२ रोपनी क्षेत्रफलको लालपुर्जा लिन सके । तामाङ्ग भन्छन् **"निरन्तर लागेपछि मात्र सफलतामा पुग्न सकिने रिहेछ । "**

## ज्याला देखि तरकारी खेती सम्म

जिल्ला रौतहट गुजरा नगरपालिका वडा न.२ कटानिका चन्द्रमान थिङ्गको परिवारको आफ्नै स्वामित्वमा जग्गा छैन । यो परिवार ऐलानी जग्गामा बसोबास गरिरहेको छ तर खेती गर्ने आफ्नै जमिन छैन । भूमि अधिकार आन्दोलनको बारेमा थाहा नभएसम्म परिवारका सदस्यहरु दैनिक ज्यालादारी गरेर खान्थे । बि.सं. २०६७ सालमा राष्ट्रिय भूमि अधिकार मञ्चका पदाधिकारी आएर संगठनको महत्व र भूमि अधिकारको बिषयमा थाहा पाए ।

संगठन बलियो हुँदै गएपछि सहकारी, कृषि उद्यम गरी आम्दानी लिन सक्ने बिषयमा छलफल हुादै गयो । दैनिक ज्यालादारी गरेको आम्दानीले खान पुग्ने कुरै भएन । ज्यालादारीको विकल्प खोज्न थाले । यसै क्रममा उनले सामुदायिक आत्मनिर्भर केन्द्र र जिल्ला मञ्चको साझेदारीमा तरकारी खेतीको लागि ३५ हजार हजार रुपैँया सहयोग प्राप्त गरे । चन्द्र बहादुर र उनको परिवारले तीन कट्ठा जग्गा भाडामा लिए । उनकी श्रीमती सोममाया थिङ्ग र उनको मेहनतमा बोडी, करेला, लौका, भिन्डी, फर्सी र खुर्सानी लगाएका थिए ।

उक्त जग्गा तरकारी बिक्री गरेर एक सिजनमा जम्मा ६५ हजार आम्दानी गरका छन् । भाडाको जग्गामा लगाएको तरकारी देखाउँदै चन्द्रमानले भने, “हामी श्रीमान श्रीमतीको रातदिनको खटाइ र भूमि अधिकार मञ्चको सहयोगले एक सिजनमा ६५ हजार रुपैँया आम्दानी गर्न सफल भयौँ” ।